

**के तपाईको घर पानीले रसाएको छ ?**
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ३२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ पुस ९ गते शनिबार ❑ 24 Dec. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## चुरोटको खोलमा कविता लेख्थेँ- केपी ओली

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जेलमा बन्दी जीवन बिताउँदा चुरोटको खोलमा कविता लेख्ने गरेको बताउनुभएको छ।



पोखरामा जारी साहित्य महोत्सवमा शुक्रबार 'राजनीतिबाहिर जीवन' सत्रमा पत्रकार अखण्ड भण्डारीसँग सम्वाद गर्दै उहाँले भन्नुभयो, 'गोलघरमा छँदा कागज भेट्टाउँदा पनि आफन्त भेटिएझैँ लाग्थ्यो।' अर्कैले फ्याँकेको चुरोटको खोल र खिइएर सकिन लागेको सिसाकलमको सहारामा कविता लेखेर जेलभित्रै सुनाउने गरेको ओलीले स्मरण गर्नुभयो । अन्यायमा परेका जेलरकै विषयमा कविता लेखेपछि उनैले कापी र कलमको जोहो गरिदिएको उहाँले सुनाउनुभयो । विसं २०४१ तिर राजनीतिक बन्दीका रूपमा पोखरा जेलमा रहँदा ओलीले लेखेको कविता 'खर्पन' केही वर्षअघि चर्चामा आएको थियो। 'जेलअघि खर्पनमा सागसब्जी बोकेर आइरेको मानिस देखेपछि म आफूलाई उनी सम्झेर त्यो कविता लेखेको हुँ', ओलीले भन्नुभयो, 'जहाँ कविता लेख्यो त्यहीँ छोडेर हिँड्नुपर्दा कुनै रचना हराए, कुनै लुटिए।' भूमिगत कालमा लेख, रचना साथमा बोकेर हिँड्ने स्थिति नहुँदा उचित ढङ्गले संग्रह हुन नसकेको उहाँको भनाइ छ । ओलीले बन्दी अवस्थामै १६ खण्ड लेखिसकिएको महाकाव्य पछि जेलबाटै गुमनाम पारिएको बताउनुभयो । 'सानैमा आमा गुमाउँदाको शोकलाई महाकाव्यको रूप दिन खोजिरहेको थिएँ, कृतिको नाम पनि आमा नै राख्ने सोच थियो, तर त्यसलाई पूरा गर्न सकिनँ, पछि त्यो यसै हरायो', उहाँले भन्नुभयो, 'जेलमा छँदाका फुर्सदिला दिनमा कविता, गीत, निबन्ध इत्यादि लेख्थेँ।'

उहाँले कला, साहित्य, सङ्गीत, चित्रकारिता, खेललगायत विधामा आफ्नो सानैदेखिको रुचि रहेको उल्लेख गर्नुभयो । बन्दी जीवनमै सबैभन्दा बढी अध्ययन र लेखनमा बिताएको ओलीले बताउनुभयो । उहाँले गोलघरमा रहेको पुस्तकालयका सबै पुस्तक एक वर्षमा पढेर सिध्याएको बताउनुभयो । पढ्नु भनेको थाहा पाउनु र लेख्नु भनेको ज्ञानलाई सङ्गठित गर्नु हो भन्ने मान्यता राख्ने ओलीले साहित्यलाई बैँसको रहरका रूपमा लिए त्यो गलत हुने बताउनुभयो । उमेरमा जो कोही कम्युनिष्ट र कवि बन्छन् भन्ने गरिन्छ नि ? भन्ने पत्रकार भण्डारीको जिज्ञासामा ओलीले उक्त भाष्य गलत भएको धारणा राख्नुभयो।

'काव्यमा व्यक्त हुने भावना र रसमा परिवर्तन आउन सक्छ तर कुनै उमेरको प्रभावले कला, साहित्यको मूल्य तलमाथि हुन सक्दैन', उहाँले भन्नुभयो । फरक प्रसङ्गमा ओलीले आफू सत्यवादी भएको बताउनुभयो। 'निकम्मा भाग्यवादमा म विश्वास राख्दिन, म सत्यको पक्षपाती हुँ, सत्यसँग नलड्ने, शक्तिसँग नझुक्ने मेरो जीवनको आदर्श र मन्त्र हो', उहाँले भन्नुभयो। ओलीले नेपालमा जन्मन पाएकामा भने आफूलाई सधैँ भाग्यमानी ठान्ने गरेको बताउनुभयो । उहाँले राजनीतिबाहेक जीवनका अनेक पक्षबारे आफ्ना अनुभव र भोगाइ सुनाउनुभयो । राजनीतिज्ञ मात्रै नभएर एउटा आम मानिसका रूपमा बाँचेको जीवनका अन्तरकुन्तर विषयलाई उहाँले रमाइलो शैलीमा अभिव्यक्त गर्नुभयो।

## आहा ! रारा पोखरा गोल्ड कप फुटवल प्रतियोगिताको खेल तालिका सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

गण्डकी प्रदेशकै प्रतिष्ठित आहा ! रारा पोखरा गोल्डकप फुटवल प्रतियोगिता २०७९ को उद्घाटन खेलमा आयोजक सहारा क्लवले धरान फुटवल क्लवसंग प्रतिष्प्रर्धा गर्ने भएको छ। यही पुष १४ गते देखि पोखरा रंगशालामा संचालन हुने २२ औं संस्करणको आहा ! रारा पोखरा गोल्डकपको उद्घाटन खेलमा सहारा र धरान फुटवल क्लव बिच उद्घाटन खेल हुने भएको क्लवले सार्वजनिक गरेको खेल तालिकामा उल्लेख गरिएको छ।

गत बर्षको विजेता शसस्त्र प्रहरी बलको एपिएफ क्लव समुह एबाट सिधै क्वाटरफाइनलमा यात्रा पाएको छ। एफिएफले उद्घाटन खेलको बिजेतासंग पुष १६ गते प्रतिष्प्रर्धा गर्ने भएको छ। समुह एमा रहेको अर्को विभागिय टोली त्रिभुवन आर्मी फुटवल क्लवले संकटा क्लवसंग पुष १८ गते प्रतिष्प्रर्धा गर्ने भएको छ।

त्यसै गरी समुह बीमा परेको अर्को विभागिय टोली नेपाल पुलिस क्लवले चर्च ब्वाईज यूनाइटेड फुटवल क्लवसंग पुष १५ गते प्रतिष्प्रर्धा गर्ने भएको छ । यसको विजेता टोलीले मछिन्द्र फुटवल क्लवसंग पुष १७ गते सेमिफाइनल यात्राको लागि प्रतिष्प्रर्धा गर्ने भएको छ।

आहा रारामा सर्वाधिक सफलता हासिल गरेको मनाङ मर्स्याङदी क्लवले अमेरीकाको भुटानी युथ एससीसंग सेमिफाइनल यात्राको लागि प्रतिष्प्रर्धा गर्ने भएको छ । पुष २० गते पहिलो सेमिफाइनल खेल , पुष २१ गते दोश्रो सेमिफाइनल खेल र पुष २३ गते भने फाइनल खेल हुने भएको आयोजक सहारा क्लवका अध्यक्ष हरिराम गुरुङ(सुरज)ले बताए । सहारा क्लब पोखराले यसअघि पुस १२ देखि २३ सम्म प्रतियोगिता संचालन गर्ने भनी एन्फाबाट समय तालिका प्राप्त गरेकोमा १३ गते स्पेनको बी डिभिजनको क्लव संग मैत्रीपूर्ण खेल हुने कारण २ दिन पछि सरेको हो। त्यसैले यसअघि १२ टिम भनिएकोमा १० टिमको छिनोफानो भएको क्लब महासचिव रामजीप्रसाद अधिकारीले बताए। प्रतियोगिताका बिजेताले यस बर्ष १२ लाख र उपविजेताले ६ लाख प्राप्त गर्ने छन्। प्रथम पुरस्कारमा २ र दोस्रोमा १ लाख वृद्धि गरिएको हो । २०५८ सालमा क्याराभान गोल्डकपलाई गणना गर्दै २२ औं संस्करणबाट आहा ! रारा पोखरा गोल्डकप नामकरणमा प्रतियोगिता संचालन हुन लागेको हो। बचत रकम क्लबबाट संचालित सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीमा खर्च गरिने क्लवले जनाएको छ। तेश्रो व्याचको एकेडेमीमा १३ जना बालक आश्रित रहेका छन्। यसैबिच सहारा क्लब हङकङले आहा रारा पोखरा गोल्ड कपलाई सफल पार्न ३ लाख सहयोग उपलब्ध गराउने भएको छ।

प्रतियोगिताबाट आम्दानी १ करोड ५९ लाख ५० हजार रुपैयाँ र खर्च १ करोड १३ लाख ५६ हजार रुपैयाँ अनुमान गरिएको छ। 'खेलकुदको विकासमा सहकार्य गरौं, पोखरालाई खेलकुद पर्यटन शहरको रुपमा स्थापित गरौं' उद्देश्यका मोफसलको चर्चित सहारा क्लब पोखराले संचालन गर्ने यो प्रतियोगितामा विगतमा झैं हिमश्री फुड्स प्रालिको उत्पादन आहा तथा रारा तयारी चाउचाउको मुख्य प्रायोजन छ। उत्कृष्ट पाँच विधाको पुरस्कार सूर्यबहादुर केसी स्मृतिमा प्रदान गरिने जनाइएको छ । सहउपप्रायोजक मुल्बेरी इन्स्टिच्युट अफ हस्पिटालिटी र चरक मेमोरियल हस्पिटल प्रालि नागढुंगा, एजुकेसन पार्टनर हिमाश कन्सल्टेन्सी, अफिसियल बैंक लुम्बिनी विकास बैंक रहेको छ। त्यसै गरी अनलाइन टिकेटिंङ पार्टन माई पे, अफिसियल स्पोर्ट्स वयर एक्स टेप, एयरसन ईन्टरन्यासनल् प्रालि इन्टरनेट पार्टनर, पब्लिक फोरके टेलिभिजन प्रत्यक्ष प्रसारण, अफिसियल एयर लाइन्स बुद्ध एयर, सर्वोत्कृष्ट राष्ट्रिय फुटबल खेलाडी पुरस्कार प्रायोजक सहारा क्लबका मानार्थ सदस्य खेम बहादुर गुरुङ, अफिसियल इन्सुरेन्स पार्टनर प्रभु इन्सुरेन्स प्रालि रहेको छ । त्यस्तै अफिसियल मल्टिप्लेक्स पार्टनर सिनेप्लेक्स, पोखरा फेयर प्ले पुरस्कार प्रायोजक रुपाकोट ज्योति सुनचाँदी पसल महेन्द्रपुल रहेको छ। त्यस्तै गरी मुग्लान रेस्टुरेन्ट एण्ड बार, एलजी टिभी, गोर्खाली अफ्सेट प्रेस, परिचय एड्भरटाइजिङ र जीएमसी मेडिकल कलेज, नयाँबजार र सहयोगी संस्था राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी र अखिल नेपाल फुटबल संघ र क्षेत्रीय खेलकुद विकास समिति र कास्की जिल्ला खेलकुद विकास समिति र कास्की जिल्ला फुटबल संघ, सहारा क्लब युके, हङकङ र अष्ट्रेलिया समेतको विशेषसहयोग हुने क्लवले जनाएको छ । उक्त प्रतियोगिताको पोखरा महानगरपालिका प्रवर्द्धकको रुपमा रहेको छ।

## जिसस कास्कीद्वारा सांसदहरूलाई बधाई तथा शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

जिल्ला समन्वय समिती कास्कीले कास्कीबाट प्रतिनिधि सभा तथा गण्डकी प्रदेश सभामा नबनिर्बाचित साम्सदहरूलाई बधाई तथा शुभकामना कार्यक्रम सम्पन्न गरेको छ।



सो अबसरमा कास्की क्षेत्र न.३ बाट प्रतिनिधि सभा सदस्य दामोदर पौडेल बैरागिले राष्ट्रिय बिकासका लागि सबैको हातेमालो आबश्यक भएको भन्दै बिकास सम सहभागिताबाट मात्रै संभब हुने बताए। प्रदेश सभा सदस्य प्रकाश बरालले निरन्तर बिकास नै जन अपेक्षा भएको हुँदा आफुहरू नीति निर्माण सङ्गै बिकासमा लागि पर्ने बताए ।त्यस्तै प्रदेश सभा सदस्य सरस्वती गुरुङले उल्लेख बिकास अबको पालो हुने र त्यसैमा केन्द्रित हुने बताइन । जिल्ला समन्वय समिति कास्किका प्रमुख लिलाधर पौडेलले बिकासका निम्ति प्रभाबकारी समन्वयका लागि परिचात्मक अन्तक्रिया कार्यक्रम आयोजना गरिएको बताए । पौडेलले प्रदेशमा केही कानुन नहुदा अनुगमन र समन्वय प्रभावित भएको भन्दै नबनिर्बाचित साम्सदहरुलाइ ध्यानाकर्षण गराउदै सो का लागि यथासक्य पहल गरिदिन आग्रह गरे। उनले स्थानिय ,प्रदेश र केन्द्रिय सरकारका बिकासका काममा अनुगमन र समन्वयका लागि जिल्ला समन्वय समिती हरहमेसा तयार रहेको प्रतिबद्धता ब्यक्त गरे। कार्यक्रममा प्रदेश सभा सदस्य देबका पहारी त्रिपाठी ,नन्दकला दमै, राजकुमारी भुजेल, जिल्ला बिकास समिति कास्किका पूर्व सभापति पुण्य पौडेल, जिल्ला समन्वय समिती कास्किका निबर्तमान प्रमुख बैन बहादुर अधिकारी क्षेत्री लगाएतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए । नबनिर्बाचित प्रतिनिधि तथा प्रदेश सभा सदस्यहरूलाई बधाई ज्ञापन सहित सम्मान गरिएको कार्यक्रममा स्वागत जि.स .स.सदस्य सीतादेबि बि.क. र संचालन जिल्ला समन्वय अधिकारी नबराज बरालले गरेका थिए। कार्यक्रम जिल्ला समन्वय समिती कास्किका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न भएको थियो।

## प्रधान सम्पादक पौडेल सम्मानित

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

नेपाल पत्रकार महासंघको साधारणसभामा 'प्रेस स्वतन्त्रता सेनानी' बाट पोखरापत्र दैनिकका प्रधान सम्पादक, नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष पुण्य पौडेल सम्मानित हुनु भएको छ।



साथै सो अवसरमा नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष नारायण कार्की एवं अग्रज पत्रकार कोमलनाथ बराल पनि सम्मानित हुनु भएको छ। नेपाल पत्रकार महासंघद्वारा कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर सुर्खेतमा शुक्रबार आयोजित केन्द्रीय साधारणसभा उद्घाटन कार्यक्रममा राष्ट्रपति विद्यादेवी भण्डारीले सो सम्मान गर्नुभएको हो । साधारणसभामा करिब दुई दर्जन पत्रकार तथा सञ्चारकर्मीहरुलाई विभिन्न पुरस्कारबाट सम्मानित गरिएको थियो।

## नेपाली कांग्रेस गण्डकी प्रदेशका पदाधिकारी वैठक सम्पन्न

**पोखरापत्र संवाददाता**
**पोखरा, ८ पुस**

नेपाली कांग्रेस गण्डकी प्रदेशका पदाधिकारीहरुको शुक्रबार बसेको वैठकले विविध निर्णय गरेको छ।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माको अध्यक्षतामा बसेको बैठकमा संसदीयदलको नेता चयन, सांसद कक्ष, पिजन होल र वीपी स्मृति पुस्तकालय विषयमा छलफल भएको नेपाली कांग्रेस गण्डकी प्रदेशका प्रवक्ता माधवप्रसाद बास्तोला (मधु)ले बताए।

बैठकमा नेपाली कांग्रेस गण्डकी प्रदेश संसदीय दलको नेता सहजीकरणको लागि नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माको संयोजकत्वमा ४ सदस्य कमिटि गठन भएको र जसमा गण्डकी प्रदेश संसदीय दलको नेता कृष्ण चन्द्र नेपाली पोखरेल, नेपाली


**बाँकी अन्तिम पृष्ठमा ▶▶**





# राष्ट्रिय प्रसारण लाइनमा दोर्दी कोरिडोरबाट ७२ मेगावाट बिजुली

-जनक श्रेष्ठ

लमजुङ, ८ पुस (रासस)

जलविद्युत् आयोजनाको हब बन्दै गएको लमजुङस्थित दोर्दी कोरिडोरबाट ७२ दशमलव ८४ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ। एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइन सञ्चालनमा आएसँगै यहाँ निर्माण सम्पन्न भएका चार आयोजनाबाट यतिबाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो।

दोर्दी करिडोर क्षेत्रका आयोजनाको बिजुली प्रसारण पूर्वाधार अभावमा ती आयोजनाको विद्युत् खेर जाने अवस्थामा रहेपनि गत भदौबाट प्रसारण लाइन सञ्चालनमा आएसँगै राष्ट्रिय लाइनमा धमाधम बिजुली जोडिन थालेको दोर्दी करिडोर प्रसारण लाइन आयोजनाका प्रमुख रमेश पौडेलले बताउनुभयो।

उहाँका अनुसार दोर्दी खोलामा निर्माण सम्पन्न तीन आयोजना र चेपोखोलामा निर्माण सम्पन्न एक जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

हिमालयन पावर पार्टनरले निर्माण गरेको २७ मेगावाटको दोर्दीखोला, लिबर्टी इनर्जी लिमिटेडले निर्माण गरेको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' र दोर्दीखोला जलविद्युत् कम्पनीले निर्माण गरिरहेको १२.१ मेगावाटको दोर्दी-१ जलविद्युत आयोजना र चेपोखोलामा निर्माण सम्पन्न ८.८३ मेगावाटको चेपेखोला साना जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् चालु आर्थिक वर्षमा राष्ट्रिय प्रसारण लाइनमा जोड्न सफल भएका छन्।

तीमध्ये सबैभन्दा ठूलो २७ मेगावाट क्षमताको बिजुली बैंसीसहर नगरपालिका- ११ रामचोकबैंसीमा पावर हाउस रहेको यस आयोजनाले गत भदौ १५ गतेदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडिएर व्यावसायिकरुपमा बिजुली उत्पादन गर्दै आएको छ।

विसं २०७२ फागुनदेखि निर्माण सुरु गरेको यस आयोजनाको निर्माण सम्पन्न भएपछि केही महिनाअघि प्रसारण लाइनमा जोडिएको थियो। आयोजनामा गैरआवसीय नेपाली सङ्घ (एनआरएनए) को ३५ दशमलव सात प्रतिशत, आइएमई ग्रुपको ३४ दशमलव तीन प्रतिशत र ३० प्रतिशत सर्वसाधारणको लगानी रहेको आयोजना प्रमुख मुन्ना शाक्यले बताउनुभयो। नेपाल विद्युत् प्राधिकरण र कम्पनीबीच विसं २०६९ असार १ गते पिपिए सम्झौता भएको थियो। आयोजना निर्माणमा रु चार अर्ब ८३ करोड लगानी भएको छ।

त्यस्तै, दोर्दी गाउँपालिका-६ ढोडेनीमा लिवर्टी इनर्जी हाइड्रोपावरद्वारा निर्माण गरेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' आयोजनाले उत्पादन गरेको विद्युत् दुई साता अघि राष्ट्रिय प्रसारण लाइनमा जडान गरिएको थियो। आयोजनाका प्रवर्द्धक राजेन्द्र वस्तीका अनुसार विद्युत् खेर जाने अवस्थाका कारण निर्माणमा पनि ढिलाइ भएको थियो। तर प्रसारण लाइन बनेपछि काम छिटो सकाइएको हो। आयोजनाको निर्माण विसं २०७१ बाट सुरु भएको थियो। विसं २०७४ मा निर्माण सम्पन्न गर्ने सम्झौता भए पनि चालु आवमा मात्रै सम्पन्न भएको थियो। आयोजना निर्माणमा रु चार अर्ब ६४ करोड ६१ लाख लगानी भएको छ। त्यस्तै, दोर्दी गाउँपालिका-६ ढोडेनीमा सम्पन्न १२ दशमलव १ मेगावाट क्षमताको दोर्दी-१ जलविद्युत् आयोजनाले पनि विद्युत् उत्पादन सुरु गरेको छ। विसं २०७४ बाट थालनी गर्दै विसं २०७६ चैत महिनामा पूरा हुने लक्ष्य भए पनि समय थप भएको थियो। आयोजनामा सानिमा बैंकको अगुवाइमा पाँच बैंकले ऋण लगानी गरेको यस आयोजनामा रु दुई अर्ब भन्दाबढी लगानी भएको छ। त्यस्तै, चेपेखोला साना जलविद्युत् आयोजना एक अर्ब ५० करोडमा निर्माण सम्पन्न गरेको छ। यस दोर्दी करिडोरमै पिपुल्स हाइड्रो पावर कम्पनीद्वारा निर्माणाधीन ५४ मेगावाट क्षमताको सुपर दोर्दी 'ख' आयोजनाको निर्माण समेत अन्तिम चरणमा पुगेको छ।

यस आयोजनाको काम ९७ प्रतिशत सम्पन्न भएको आयोजनाका निर्देशक अर्जुनप्रसाद गौतमले बताउनुभयो। केही महिनाभित्रै बिजुली उत्पादन गर्ने तयारी भइरहेको उहाँको भनाइ छ। विसं २०७१ मा विद्युत् खरिद सम्झौता (पिपिए) गरी आयोजना निर्माण विसं २०७२ असोज महिनाबाट सुरु भएको थियो। विसं २०७५ मा निर्माण सम्पन्न गर्दै आयोजनाबाट बिजुली उत्पादन गर्ने भनिए पनि निर्माण अवधि लम्बिदै आएको छ। सुरुआतमा रु आठ अर्ब ८० करोड लगानी हुने भनिएको आयोजनामा लागत बढेर रु दश अर्ब ५० करोडसम्म खर्च हुने अनुमान गरिएको आयोजना प्रमुख गौतमले बताउनुभयो।

आयोजनामा सानिमा बैंकको अगुवाइमा नौ बैंकले ऋण लगानी गरेका छन्। कुल ७० प्रतिशत ऋण लगानी र बाँकी प्रवर्द्धन लगानीमा आयोजना निर्माण हुँदैछ। आयोजनामा प्रभावित स्थानीयबासीले रु २७ करोड लगानी गरेका छन्।

# फेवा सहकारी २४ औं वर्ष प्रवेशको अवसरमा सरसफाई कार्यक्रम

पोखरापत्र संवाददाता

पोखरा, ८ पुस



फेवा बचत तथा ऋण सहकारी सस्थाको २४औ वर्षमा प्रवेश गरेको अबसरमा स्थापना दिवस मनाउदै सहकारीको प्रधान कार्यालय जिरो कि मि र भद्रकालीमा रहेको सेवा केन्द्र भद्रकाली चोक वरपर सरसफाई कार्यक्रम सम्पन्न गरेको छ।

उक्त सरसफाइ कार्यक्रममा सहकारीका अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्ग र सल्लाहाकार महेश गुरुङ्गले संयुक्त रूपमा शुभारम्भ गरेको सरसफाई कार्यक्रममा सहकारीका उपाध्यक्ष एव सरसफाई कार्यक्रम उप समितिका संयोजक सम्मर बहादुर श्रेष्ठ लाई सरसफाइ सामाग्री हस्तान्तर गर्नुहुदै कार्यक्रमको उदघाटन गर्नु भयो।

सरसफाई कार्यक्रममा कार्यक्रम संयोजक सम्मर बहादुर श्रेष्ठले उपस्थित शेयर सदस्य हरूलाई सरसफाइ कार्यक्रम सम्बन्धी जानकारीका साथ स्वागत गर्नुहुदै फेवा सहकारी को २४औ स्थापना दिवस को अबसरमा प्रधान कार्यालय जिरो किमिदेखि शान्ति चोकसम्म र भद्रकाली सेवा केन्द्रमा काहुखोला जाने बाटोदेखि गौंडाको मुखसम्म सरसफाइ गरि करिब ३ कुन्टल फोहर संकलन गरी सम्पन्न सरसफाई कार्यक्रममा अधिकांश चोक चोकहरूमा गुड्का र खैनी खाएका पलास्टिकका टुक्राहरू रहेकाले गुड्का र खैनी बिक्रेता र उपभोक्ताहरूलाई सचेत गराउन सम्बन्धित निकाय लाग्नुपर्ने बताउनुभयो।

कार्यक्रममा सहकारीका शेयर सदस्य एव याङ्जाकोट तमु समाजका अध्यक्ष चन्द्र बहादुर गुरुङ्ग, राम बजार सोसाइटी यूकेका सस्थापक अध्यक्ष राम गुरुङ्ग, भू पु अध्यक्ष रूपक गुरुङ्ग, सल्लाहकार महेश गुरुङ्ग, सस्थाका सचिव दिल बहादुर भट्टराई, कोषाध्यक्ष शेरकाजी गुरुङ्ग लगायत सहकारीका उप समितिका संयोजक र सदस्यहरू समेत ८० जनाको सहभागितामा सरसफाइ सम्पन्न गरिएको भद्रकाली सेवा केन्द्रका संयोजक क्या. श्याम गुरुङ्ग ले बताउनु भयो। सहकारीको कुल कारोबार १ अर्ब ३० करोड कारोबार रहेको उक्त सहकारीले बैकिङ्ग कारोबार संगसंगै सामाजिक उत्तर दायित्व अन्तर्गत सरसफाइ, न्यानो कपडा बितरण, राहत बितरण, रक्तदान जस्ता कार्य गर्दै आएकोमा २०७९ मंसिर ९ गते बिहान १० बजे फेवा सहकारीको प्रधान कार्यालय जिरो किमी आफ्नै भवनमा महिला लक्षित स्तन क्यान्सर र पाठेघर मुखमा हुनसक्ने क्यान्सर रोगको सचेतना कार्यक्रमका साथ निशुल्क स्वास्थ्य शिविर संचालन गर्न पोखरामहानगर पालिका स्वास्थ्य महाशाखा र रिजनल अस्पताल को प्राविधिक सहयोगमा सम्पन्न गर्न लागिएको सहकारीका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले सबैलाई स्वास्थ्य परिक्षण गरि लाभ लिनुहुन अनुरोध गर्नुभयो।

सरसफाई कार्यक्रममा फेवा बचत तथा ऋण सहकारी सस्थाका अध्यक्ष क्या. चन्द्र प्रसाद गुरुङ्गको उपस्थितमा कार्यक्रम संयोजक सम्मर बहादुर श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन प्रबन्धक जगन तिमल्सिनाले संचालन गरेका थिए।

# ऐतिहासिक ठाउँबाट प्राकृतिक दृश्यावलोकन गर्नेको भीड

रासस

बागलुङ, ८ पुस

सत्रौँ शताब्दीको ऐतिहासिक ज्यामरुककोटस्थित खड्गभवानी कोतको टाकुराबाट प्राकृतिक दृश्यावलोकन गर्नेको भीड लाग्न थालेको छ।

म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोटको कोट टाकुराबाट धवलागिरि हिमशृङ्खला १५ वटा हिमाल र चार जिल्लाका दर्जनौं बस्तीको प्राकृतिक दृश्यावलोकन गर्न पछिल्लो समय आन्तरिक तथा बाह्य पर्यटकको भीड लाग्न थालेको हो।

बेनीको शिरैमा अवस्थित अग्लो ज्यामरुककोट डाँडाबाट दुई ठूला नदीले काखमा हालेजस्तो देखिने सुन्दर बेनी बजारको दृश्यावलोकन गर्न सकिन्छ। बजारसँगै देखिने रमणीय धौलागिरि हिमशृङ्खला र पहाडी रमणीय भूभागको आकर्षक दृश्यले यहाँ पुग्ने जोसुकैको पनि मन लोभ्याउने स्थानीय भीमबहादुर पौडेलले बताउनुभयो। बेनीदेखि करिब चार किलोमिटरको उकालो यात्रापछि पुग्न सकिने ज्यामरुककोटबाट १५ हिमशृङ्खलाका साथै दर्जनौं गाउँ, वनजङ्गल र नदीको नागबेली दृश्यले पर्यटकलाई आनन्दको महशुस गराउँछ। पर्यटकीय, जैविक र सांस्कृतिक सम्भावनाले युक्त ऐतिहासिक र पुरातात्विकस्थल ज्यामरुककोट प्रशस्तै प्राकृतिक सौन्दर्य भएर पनि प्रचारप्रसार नहुँदा ओझेलमा परेको थियो।

यहाँबाट धौलागिरि, नीलगिरि, अन्नपूर्ण, माछापुच्छ्रेलगायत १५ भन्दा बढी हिमालको दृश्यावलोकन, म्याग्दी, पर्वत र बागलुङका ३० भन्दा बढी गाउँ, सूर्योदय, ग्रामीण सौन्दर्य तथा सदरमुकाम बेनीबजार, प्रशिद्ध गलेश्वरधामका साथै म्याग्दी नदी र कालीगण्डकीको नागबेली दृश्य देख्न सकिने बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले जानकारी दिनुभयो। "बेनीदेखि नजिकै यस्तो रमणीय स्थान रहेछ", ज्यामरुककोट घुम्न आएका प्रवासी नेपाली सङ्घ (मोना) हङ्कङका अध्यक्ष कर्ण पुनले भन्नुभयो, "यहाँ भौतिक पूर्वाधारको निर्माण र प्रचारप्रसार गर्नसके स्वदेशी तथा विदेशी पर्यटक ल्याउन सकिने राम्रो सम्भावनायुक्त क्षेत्र रहेछ।" प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गर्न ज्यामरुककोट आएको मोना हङ्कङका पूर्वध्यक्ष डिबी थापामगरले बताउनुभयो। मोना हङ्कङको एक समूहले हालै मात्र ज्यामरुककोटको भ्रमण गरेको थियो। यहाँ १७औं शताब्दीको धार्मिक र ऐतिहासिकस्थल खड्गभवानी कोत, ऐतिहासिक राजकुवा, मल्लकालीन हातहतियारलगायत प्रशस्तै प्राकृतिक र ऐतिहासिक सम्पदा रहेको ज्यामरुककोट क्षेत्र विकास व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण घिमिरेले बताउनुभयो।

नेपालकै एक ऐतिहासिक र पर्यटकीय सम्भावना भएको महत्वपूर्णस्थल भएको उहाँको भनाइ छ। घिमिरेका अनुसार यहाँ पाँच सय ७४ वर्ष पहिलेका मल्ल र थापा राजाका अभिलेख रहेका छन्। ज्यामरुककोटमा विसं १२४६ देखि १५४५ सम्म थापाले राज्य गरेका थिए। विसं १५४५ को भदौमा थापाको पुर्ख्यौली थलो मानिएको ताकम डिम्ब बमले कब्जा गरेपछि ज्यामरुककोट, पुलाचौर, कुहूँ र राखुका थापा राजाहरुले आफ्नो खाइपाइ आएको राज्य छाडेर मल्ल राजाका मन्त्री र सेनापति बनेसँगै थापा राज्यको अन्त्य भएको इतिहास रहेको बेनी-२ ज्यामरुककोटका वडाध्यक्ष यामबहादुर कार्कीले बताउनुभयो। ज्यामरुककोटको भौतिक पूर्वाधार निर्माण गरी पर्यटकीय केन्द्रका रुपमा विकास गर्ने लक्ष्य वडाको भएको उहाँले जानकारी दिनुभयो। पछिल्लो समय बेनी नगरपालिकाले यहाँको भौतिक पूर्वाधार विकास गरी पर्यटन प्रवर्द्धनमा जोड दिन थालेको छ।

कोतमा पुग्ने पदमार्ग, घेराबार, मन्दिर निर्माण र खानेपानीको व्यवस्था गरिएको वडाध्यक्ष कार्कीको भनाइ छ। बेनीदेखि लभ्लीहिलसम्म निर्माण गरिएको पदमार्गलाई विस्तार गर्ने र पूर्वाधारको विकास गरी पर्यटकीय क्षेत्र बनाउन नगरपालिकाले प्राथमिकतामा राख्नुपर्ने उहाँले बताउनुभयो। पर्यटकीय सम्भावना भएको यस क्षेत्रको भौतिक पूर्वाधार निर्माण गर्ने र प्रचारप्रसार गर्नसकेमा पर्यटक आगमनमा वृद्धि गर्न सकिने म्याग्दी उद्योग वाणिज्य सङ्घका प्रथम उपाध्यक्ष राजेश शाक्यले बताउनुभयो।


## एउटै व्यक्ति भएको सूचना

कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं.-२०, निवासी **भारतीय भु.पु. सैनिक नं. 5748085 A HAV** का **पदम बहादुर गुरुङको श्रीमतीको** नेपाली नागरिकता प्रमाण पत्रमा नामथर **नन्द कुमारी गुरुङ** भएको र **भारतीय सैनिक अभिलेखमा नन्द कुमारी भएकोले** एउटै व्यक्तिको नाम फरक फरक नाम थर भएता पनि उल्लेखित दुवै नाम थर गरेको व्यक्ति एउटै हुन्।



**पदम बहादुर गुरुङ** **नन्द कुमारी गुरुङ**


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग मिल्नेछ | तुला | : शारीरिक झमेला |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : शत्रुको भय |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : कार्यमा सफलता |
| कन्या | : मानसिक तनाब | मीन | : मन चञ्चल |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।


# सडकमा गाउने दृष्टिविहिनलाई लामा अमृत फाउण्डेशनको आर्थिक सहयोग

पोखरापत्र संवाददाता

गण्डकी, ८ पुस



पोखराको विभिन्न स्थानमा गीत गाएर दैनिकी गुजारा गर्दै आएका २२ जना दृष्टिविहिनहरुलाई लामा अमृत फाउण्डेशन घान्द्रुकले आर्थिक सहयोग गरेको छ।

लामा अमृत फाउण्डेशन घान्द्रुकका संस्थापक अमृत गुरुङको अगुवाई तथा लोकदोहोरी गायीका तथा डान्सर प्रीति आलेमगरको संयोजनमा संकलित रकम बिहीबार प्रदान गरिएको हो। कार्यक्रममा प्रमुख अतिथिसमेत रहेको सहयोगीदाता तेज बहादुर गुरुङ, अभियन्ता तथा गायीका प्रीति आले र फाउण्डेशनका संस्थापक अमृत लामा गुरुङले २२ जना दृष्टिविहिन नागरिकलाई प्रतिव्यक्ति ६ हजार ५ सयका दरले (१ लाख ४३ हजार रुपैयाँ) आर्थिक सहयोग हस्तान्तरण गरे। सो अवसरमा बोल्दै प्रमुख अतिथिसमेत रहेका तेज बहादुर गुरुङले फाउण्डेशनको सामाजिक काममा आफुपनि सहभागी हुन पाएको बताउदै सहयोगीहरुलाई आभार प्रकट गरे। उनले फाउण्डेशनको कार्यको प्रशंसा गर्दै अन्य संस्थाहरुले पनि सकरात्मक कामको अनुशरण गुर्नपर्ने धारणा राखे। त्यस्तै देश तथा विदेशमा रहेका नेपालीको सहयोगमा रकम संकलन गरेर पहिलो पटक दृष्टिविहिन नागरिकहरुलाई आर्थिक सहयोग गरेको बताए। 'फाउण्डेशनले विभिन्न क्षेत्रमा सहयोग गरिरहेको छ, गुरुङले भने, पोखराको विभिन्न स्थानमा गीत गाएर दैनिक गुजारा गर्ने दृष्टिविहिन नागरिकहरुलाई विभिन्न व्यक्तित्वको आर्थिक सहयोगमा उहाँहरुलाई सहयोग गर्न पाउँदा खुशी छौं। र सम्पूर्ण सहयोगीदाताहरुप्रति आभारी छु।'

उनले फाउण्डेशनको सहयोग यथेष्ट नहुने तर्क राखे। 'हाम्रो यो सहयोग तपाइहरुलाई यथेष्ट हुदैन तरपनि घाउमा सानो मलम लगाउ भन्ने हेतुले सहयोग गरेका हौं, उनले भने, 'सडकमा तपाइहरुले गीत गाउनु कुनै भिक माग्नु होइन। आफ्नो प्रतिभा देखाउनु हो। त्यसैले प्रतिभाको कदर गर्दै सक्दो सहयोग गर्नु हरेक नागरिकको दायित्व हो।' उनले आगामी दिनमा दृष्टिविहिनहरुकै लागि वृहत कार्यक्रम नै आयोजना गर्ने प्रतिवद्धता जनाएका थिए।

यस्तै अर्का अभियन्ता तथा लोकदोहोरी गायिका प्रीति आले मगरले सडकमा कला प्रदर्शन गरेर दैनिकी गुजारा गर्नु आफैमा उदाहरणीय कार्य भएको बताइन्।

'तपाईहरुले सडकमा माग्न बसेको होइन, उनले भनिन्, तपाइहरुले कला प्रदर्शन गर्नुभएको हो। यस्तो अवस्थामा हामी तपाइहरुलाई केही सहयोग गरेर साथ दिन पाउँदा हामी एकदमै खुशी छौं।' उनले आगामी दिनमासमेत दृष्टिविहिनहरुको साथमै रहने प्रतिबद्धता जनाइन्। 'यो कार्यक्रम एउटा उदाहरण मात्र हो। आगामी दिनमापनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनेछौं। फरक क्षमता भएका तपाइहरुलाई रहर हैन कहर हो त्यसैले तपाइहरुलाई सधै सम्मान गरिनुपर्छ।' उनले भनिन्।

गीत गाएर गुजारा चलाउदै आएका दृष्टिविहिनसँगै आफुले गाएको एउटा भिडियो टिकटकमा भाइरल भएको स्मरण गर्दै भनिन्, 'एउटा दृष्टिविहिन दाईसँग गाएको गीत टिकटमा धेरैले माया गर्नुभएको थियो। त्यहाँ आएको कमेन्टमा धेरै आर्शिवाद थिए। त्यसैले आर्शिवार्द उधारो राख्न हुदैन भन्ने सोचेर सहयोग अभियानमा जुटेकी हुँ।' उनले आगामी दिनमा दृष्टिविहिन नागरिहरुलाई गीत रेकर्डिङ गर्न इच्छा लागेको खण्डमा आफुले सहयोगगर्ने बताउदै दृष्टिविहिनलाई सबैले सम्मानपूर्वक व्यवहार गर्न समेत आग्रह गरेकी थिइन्। यस्तै दृष्टिविहिन नागरिकको तर्फबाट बोल्दै हेमबहादुर परियारले राज्य र संघसंस्थाबाट उचित सहयोग नपाएको गुनासो गरे। 'विभिन्न संघ संस्था तथा राज्यबाट विभिन्न क्षेत्रका नागरिकलाई सहयोग गरेको सुन्न सक्छौं तर हामी दृष्टिविहिन नागरिकलाई कसैले पनि वास्ता गर्दैनन्, परियारले भने, 'आज हामीलाई प्रीति बहिनी र अमृत भाइले सहयोग गर्नुभएको छ। उहाँहरुप्रति हामी अत्यन्तै आभारी छौं।'

आफुहरुको सडकमा गीत गाउनु रहर नभई बाध्यता रहेको उनले सुनाए। 'सडकमा गाउनु हाम्रो रहर होइन, यो हाम्रो बाध्यता हो। त्यसैले कृपया हामीलाई अपहेलना नगर्नुहोला।' उनले भने। आर्थिक सहयोग कार्यक्रममा गायक मिलन लामा, सन्तोष बस्याल, लोक तथा दोहोरी गायक नेत्र गुरुङ, अमर धिताल लगायतको उपस्थिती रहेको थियो।

